लुम्बिनी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

परासी, नवलपरासी (ब.सु.प.)

०७८-५२१०१०
email:vethosnawalparasi@gmail.com

प.सं.०८०/०८१
च.नं.

मितिः-२०८०/०८/२८

## प्रस्ताव आव्हान सम्वन्धि सूचना !

सूचना नं.०१/०८०/०८१

प्रथम पटक प्रकाशित मिति: २०८०/०८/२८

भेटेरिनरी अस्पताल तथ पशु सेवा विज्ञ केन्द्र, नवलपरासी (ब.सु.प) को चालु आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०८० बमोजिमका शर्तहरु पालन गर्ने गरी तपसिलका कार्यक्रमहरु संचालन गर्नेइच्छुक कृषक/फर्म/समुह/कृषि उद्यमी/सहकारी संस्था/कम्पनी र उपभोक्ता समितिहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८०/०९/१८) कार्यालय समयमा तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपशील बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना सम्बन्धित सबैमा जानकारीका लागि प्रकाशन गरिएको छ । साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल:

| क्र. सं. | कार्यक्रम को नाम | एकाई | लक्ष्य | बजेट रु. लाख मा | अनुदानको सिमा र मापदण्ड | सचांलन गर्न सक्ने कृयाकलाप/प्रमाणित गर्ने आधारहरु | कार्य क्रम संचालन हुने क्षेत्र | अनुदान सिमा रकम/प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| क. बा.उ.शि.न. ३१२०००१२ कृषि उत्पादन, खाद्य तथा पोषण सुरक्षा कार्यक्रम | | | | | | | | |
| १ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम | | | | | | | |
| १.१ | दुध उत्पादन | पटक | १ | १५० | • गत आ.व.अडिट रिपोर्ट पेश गर्नु पर्ने<br>•पशु बिमा गरेका पशुपालक कृषकलाई प्राथमिकता दिइने ।<br>•प्रति समूह/सहकारी/कम्पनीले मासिक औषत कम्तीमा ७००० लिटर तथा निजी फर्म/कम्पनी/निजी डेरी वा निजी उद्यमीको हकमा मासिक औषत कम्तीमा २५०० लिटर दुध उत्पादन तथा बिक्री गरेको हुनु पर्ने | •दुधको कारोबार खुल्ने बार्षिक लेखा परीक्षण प्रतिवेदन ।<br>• आवेदकको बैक खाता नं. | जिल्ला भरी | १.दुधको लागि रु. २/ लिटर |
| १.२ | माछा/मासु/ अण्डा (बाखा/ | | | | • पशु बीमा गरेका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइने।<br>• खसी/बोका/भेंडाको हकमा सहकारीबाट १०० वा बंगुरको हकमा प्रति सहकारी प्रति वर्ष ४० | • आवेदकको खरिद बिक्री अभिलेख।<br>• थोक बिक्री गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्री गरेको पसलको नाम, | | १.जिउँदो खसी /बोका/भेडा को रु.२५/- |

सुरेश प्रसाद मिश्र
अधिकृत/ला.पो.डे.डे.
अधिकृत स्तर छैठौं

श्रवण कुमार चौधरी
वरिष्ठ मत्स्य विकास अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भेंडा/बगुंर / राँगा/ माछा) उत्पादन | | | | वा राँगाको हकमा प्रति सहकारी प्रति वर्ष कम्तीमा २० गोटाको करोबार गरेको हुनुपर्ने ।<br>• निजीको हकमा खसी वोका ५० वा राँगा २० वा बंगुर २५ गोटा प्रति वर्ष विक्रिको गरेको हुनुपर्ने<br>• माछा उत्पादनमा: निजीको हकमा २ मे.ट. प्रति वर्ष विक्रि गरेको हुनुपर्ने। सहकारीको हकमा १०मे.ट वार्षिक बिक्री गरेको हुनुपर्ने।<br>• अण्डा उत्पादनः मासिक न्यूनतम १० हजार गोटा उत्पादन हुनुपर्ने। मे.ट प्रति वर्ष विक्रि कारोबार गरेको हुनुपर्ने। सहकारीको हकमा १० मे.ट वार्षिक कारोबार गरेको हुनुपर्ने। | ठेगाना र सम्पर्क नम्बर सहितको विवरण।<br>• कृषकले व्यवसायीबाट लिएको भुक्तानीको अभिलेख।<br>• संस्थागतको हकमा कृषकको खातामा भुक्तानी गरेको अभिलेख।<br>• स्थायी लेखा नं.<br>• संस्था वा कम्पनीको हकमा करचुक्ता प्रमाण।<br>• कारोबार खुल्ने वार्षिक लेखा परीक्षण प्रतिवेदन। | | जिउँदो रांगा/बंगुर र माछाको रु.१५ /- प्रति के.जी. २.अण्डाको रु. २५०प्रति हजार गोटाका दरले। |
| ख.बा.उ.शि.न. ३१२०००१८ कृषि तथा पशुपन्छी स्रोत तथा प्रविधि सेवा टेवा कार्यक्रम | | | | | | | | |
| १ | मासु/माछा पसल स्थापना तथा सुधारको लागि अनुदान | पटक | ४ | ८ | १.स्वस्थ, स्वच्छ मासु विक्रि वितरण गर्नु पर्ने ।<br>२.दैनिक ठूलो पशु कम्तिमा १०० किलो, साना पशुपन्छी तथा माछाको हकमा कम्तिमा ५० किलो मासु/माछा बिक्री वितरण गरी रहेको वा गर्नुपर्ने ।<br>३.शहरउन्मुख क्षेत्रलाई लक्षित व्यवस्थित गर्न चाहने मासु उद्यमी/मासु व्यवसायीहरुले प्राथमिकता पाउने छन् । | १.अनुसूची-३० अनुसारको मापदण्ड पूरा गर्ने क्रियाकलापहरु। | जिल्ला भरी | कुल लागतको अधिकतम ५० प्रतिशत वा प्रति योजना अधिकतम रु. २ लाख |
| २ | बँगुरको स्रोत केन्द्र स्थापना | पटक | १ | १० | १.३० वटा माउ र २ वटा बिर पालन गरेको हुनुपर्ने ।<br>२.माउ बङ्गुर शुद्ध/उच्च नस्लको बिरबाट प्रजनन गराउनु पर्ने ।<br>३.१५ माउँ बङ्गुर बराबर एक बिरको व्यवस्थापन हुनुपर्ने ।<br>४.अभिलेखिकरण अनुसूची-१ अनुसार हुनुपर्ने ।<br>५.श्रोत केन्द्रले वार्षिक रूपमा २०० पाठापाठी बिक्री गर्ने सम्भाव्यता हुनुपर्ने ।<br>गत आ.व.मा सन्तोषजनक रुपमा | • छनोट भएका फर्मको कार्ययोजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्नेः-<br>१.खोर निर्माण/सुधार गर्ने<br>२.मेसिनरी औजार खरिद गर्ने<br>३.आहारा व्यवस्थापन<br>४.प्राविधिकको सहयोगमा नस्ल सुधारको लागि सरकारी स्रोत केन्द्र वा कार्यालयले सिफारिस गरेको स्रोतबाट बिर खरिद गर्ने<br>५.परजीवी नियन्त्रण र | बर्दघाट न.पा. भित्र | कुल लागतको अधिकतम ७५ प्रतिशत अनुदान।<br>१.भौतिक निर्माण तथा मेसिनरी सामाग्रीमा अधिकतम ४० प्रतिशत,<br>२.आहारा |

सुरेश प्रसाद मिश्र
अधिकृत/ला.पो.डे.डे.
अधिकृत स्तर छैठौं

श्रवण कुमार चौधरी
बरिष्ठ मत्स्य विकास अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यान्वयन गरेका हर्डहरुमा कार्यक्रम निरन्तरता दिने। | भ्याक्सिनेशनका लागि औषधी तथा खोप खरिद गर्ने<br>६.क्षमता अभिवृद्धि अनुसूची-१४ अनुसार अभिलेखीकरण र प्रतिवेदन । | | व्यवस्थापनमा न्यूनतम १० प्रतिशत,<br>३.पशु स्वास्थ्य, बजार, क्षमता अभिवृद्धि, अभिलेख व्यवस्थापनमा अधिकतम १० प्रतिशत<br>४.नस्ल सुधारमा न्यूनतम ४० प्रतिशत। |
| ३ | अफ्रिकन स्वाइन फिवर प्रभावित बंगुर पालन व्यवसाय पुर्न-उत्थान कार्यक्रम | संख्या | १०० | ५ | क्षतिको आधारमा अनुदानग्राहीलाई अधिकतम ५ वटा उन्नत जातका पाठापाठी उपलब्ध गराउन सकिने | • बंगुरको पाठापाठी खरिद तथा ढुवानी<br>• क्षमता अभिवृद्धि तालिम,<br>• औषधी उपचार सेवा, नियमित प्राविधिक सेवा | जिल्ला भरी | प्रति पाठापाठी ढुवानी सहित अधिकतम रू. ५ हजार खर्च गर्न सकिने |
| **ग.बा.उ.शि.न. ३१२०००१४ मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम** | | | | | | | | |
| १ | नयाँ पोखरी निर्माण | हेक्टर | ५ | २५ | १.कम्तीमा ३ कठ्ठा जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरी निर्माण गर्नु पर्ने<br>२.जग्गाको स्वामित्व आफ्नै हुनु पर्ने वा भाडामा लिएको भए १० वर्षको करार सम्झौता हुनु पर्ने<br>३.पोखरीको गहिराइ कम्तीमा १.२ मिटर हुनुपर्ने | १.अधिकतम ५०% वा प्रति हेक्टर अधिकतम रु. ५ लाख मध्ये जुन कम हुन आउँछ । | जिल्ला भरी | जलाशयको क्षेत्रको कुल लागत खर्चको अधिकतम ५०% अनुदान रकम वा प्रति हेक्टर अधिकतम पाँच लाख दिन सकिने |
| २ | प्राकृतिक जलाशय मर्मत संभार | हेक्टर | २० | ३० | • प्राकृतिक जलाशयमा आफै वा करारमा लिई माछा पालन गरेको ईच्छुक समूह/सहकारी / उपभोक्ता समिति/निजी व्यवसायीले आवेदन दिन सक्ने ।<br>• स्थानीय तह तथा अन्य सरकारी संघ/संस्थाको मातहतमा रहेका | • जालशयको गहिराइ सुधार तथा डिल मर्मत<br>• पानीको प्रवेश/ निकाशद्वार मर्मत सम्भार, उत्पादन सामग्री तथा मत्स्य भुरा खरिद । | जिल्ला भरी | १.कुल लागतको अधिकतम ७५% अनुदान<br>२.प्रति हेक्टर |

सुरेश प्रसाद मिश्र
अधिकृत/ला.पो.डे.डे.
... स्तर छैठौं

श्रवण कुमार चौधरी
वरिष्ठ मत्स्य विकास अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्राकृतिक जलाशयहरू (घोल/ताल, सिमसार) हुन सक्ने, • न्यूनतम जलाशय १ हे. हुनुपर्ने • न्यूनतम गहिराई १.५ मिटर हुनुपर्ने, | | | जलाशय अधिकतम रु. १ लाख |
| ३ | मत्स्य व्यवसायका लागि यान्त्रिकरण मा सहयोग | पटक | १ | २ | • कम्तीमा ०.१ हे. जलाशय भएका कृषक/ फर्म/ कम्पनी/कृषक समूह/समिति/सहकारी मार्फत कार्यक्रम सञ्चालन गरिने । | एरिएटर, दाना बनाउने मेशिन, पानी जाच्ने मेशिन तथा मत्स्यमा प्रयोग हुने अन्य मेसिनरी सामाग्रीहरू खरिद | जिल्ला भरी | कुल लागतको अधिकतम ५०% वा प्रति कृषक अधिकतम रु.१ लाख |

**निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु**

१.प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको लागि अनुसूची-३६ तथा अन्य कार्यक्रमको हकमा अनुसूची-३५ वमोजिम निवेदन ।

२.अनुसूची-३८ वमोजिमको व्यवसायिक कार्य योजना ।

३.प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमको हकमा गत आ.व.को अडिट रिपोर्ट ।

४.दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि समुह/निजी फर्म/कम्पनी/सहकारीको हकमा ।

५.प्रस्तावकको नेपाली नागरिकताको प्रतिलिपि ।

६.स्थायी लेखा नम्बर तथा गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

७.अनुदान माग गर्ने गरिएको संस्थाको निर्णयको प्रतिलिपी ।

८.स्थानीय तहको सम्वन्धित पशु शाखाको सिफारिस पत्र ।

९.जग्गाको कर तिरो तिरेको रसीदको प्रतिलिपी ।

१०.अनुसुची-४२ बमोजिम दोहोरो अनुदान नलिएको स्वःघोषण पत्र ।

११. निर्माण गरि पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।

१२.जग्गा धनी प्रमाण पत्रको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्दा १० वर्षको कृषक र जग्गा धनी बीच करार सम्झौता ।

पुनश्चः कार्यक्रम संचालन नवलपरासी (ब.सु.प.) जिल्लामा गरिने छ र यस सूचनामा आवश्यक बुदाँहरु छूट हुन गएमा "कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८०"बमोजिम गरिने व्यहोरा अनुरोध छ । उक्त कार्यविधि यसै कार्यालयको वेवसाईटमा http://nawalparasi.vethos.gov.np बाट डाउनलोड गर्न सकिने छ । थप जानकारीका लागि कार्यालयको टेलिफोन नं.०७८-५२१०१० तथा स्थानीय निकायको पशु विकास शाखामा सम्पर्क राख्न सकिनेछ ।

सुरेश प्रसाद मिश्र
अधिकृत/ला.पो.डे.डे.
अधिकृत स्तर छैठौं

श्रवण कुमार चौधरी
वरिष्ठ मत्स्य विकास अधिकृत